प्रति साधारण शेयर रु.१००/- अंकित दरको ९९,३६,४७७.५० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
प्रधान कार्यालयः पो.ब.नं. ४३३२, लाजिम्पाट, काठमाण्डौ, फोन नं : ४४१४७९९, ४४१६५५६, फ्याक्स नं : ४४३५६३३
Email: nlgilife@mail.com.np, Website: www.nationallife.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला हुने मितिः २०७५/४/१ गते
निष्काशन बन्द हुने मितिः २०७५/५/४ गते
(बैंकिंग समय पश्चात्)

१० कित्ता साधारण शेयर बराबर नयाँ ६ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,६५,६०,७९,५९०/- को दश शेयर बराबर छ शेयर (१० : ६) को अनुपातमा रु.१००/- अंकित दरका ९९,३६,४७७.५० कित्ता हकप्रद साधारण शेयर मिति २०७५/३/२१ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : **नेशनल लाईफ इस्योरेन्स कम्पनी लिमिटेड (National Life Insurance Company Limited)**

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.२, लाजिम्पाट, काठमाडौंमा रहेकोछ ।

३. कारोवार स्थान : यस कम्पनीले बीमा समितिले स्वीकृत गरे अनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोबार संचालन गर्दै आएको छ :

क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला	क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला
१.	प्रधान कार्यालय	वडा नं.२, लाजिम्पाट, काठमाण्डौं	४०.	कटरी	कटारी न.पा.-८, कटारी बजार, कटारी
२.	अछाम	मंगलसेन न.पा.-६, अछाम, साँफे-६, एयरपोर्ट बजार, अछाम	४१.	काठमाण्डौ	का.म.न.पा., जामे मस्जिद, घण्टाघर, किङ्गस टावर
३.	अर्घाखाँची	सन्धिखर्क न.पा.-१, शान्ति बगैचा, अर्घाखाँची	४२.	किर्तिपुर	किर्तिपुर न.पा.-१७, नगाउँ, दोबाटो
४.	बाग्लुङ्ग	बाग्लुङ्ग न.पा.-२, धौलागिरी चोक, बाग्लुङ्ग	४३.	कुश्मा	कुश्मा न.पा.-१०, शिवालय चोक, कुश्मा, पर्वत
५.	बैतडी	दशरथ चन्द्र न.पा.-१, गोठालापानी, बैतडी	४४.	लाहान	लाहान न.पा.-४, सिराहा
६.	बभाङ	जय पृथ्वी न.पा.-४, बभाङ	४५.	ललितपुर	ललितपुर उ.म.न.पा.-३, पञ्चकन्या बिल्डिङ्ग, पुल्चोक
७.	बाजुरा	गढीमालिक न.पा.-१०, मार्तडी, खुलामञ्च, बाजुरा	४६.	लमही	लमही न.पा.-११, दाङ
८.	बनेपा	बनेपा न.पा., चारदोबाटो, बनेपा	४७.	लमजुङ	बेसीशहर न.पा.-१०, भिमसेनथान चोक, लमजुङ
९.	बर्दिया	गुलरिया न.पा.-८, जिल्ला प्रहरी कार्यालय, बर्दिया	४८.	महेन्द्रनगर	भिमदत्त न.पा.-१८, गल्ली नं.५, क्याम्पस रोड
१०.	भैरहवा	सिद्धनगर न.पा.-७, सिटी सेन्टर बिल्डिङ्ग, नारायणस्थान, भैरहवा	४९.	म्याग्दी	बेनी न.पा.-६, न्यूरोड
११.	भक्तपुर	भक्तपुर न.पा.-१६, बाराहीस्थान, पाण्डुबजार, भक्तपुर	५०.	नारायणगढ	नारायणगढ उ.म.न.पा.-३, मेनरोड, नारायणगढ
१२.	भोजपुर	भोजपुर न.पा.-७, डाँडागाउँ, भोजपुर	५१.	नवलपरासी	रामग्राम न.पा., बुद्धचोक सुनोल रोड, नवलपरासी
१३.	विराटनगर	विराटनगर उ.म.न.पा.-६, विराटनगर	५२.	नेपालगञ्ज	आर्दशनगर-१३, नेपालगञ्ज, बाँके
१४.	बीरगञ्ज	बीरगञ्ज उ.म.न.पा.-१६, तेजारथ टोल, श्रीपुर, बीरगञ्ज	५३.	नुवाकोट	बिदुर न.पा.-३, नुवाकोट
१५.	बिर्तामोड	बिर्तामोड न.पा.-१, पश्चिम बसपार्क अगाडी	५४.	ओखलढुङ्गा	सिद्धिचरण न.पा.-५, रामबजार, ओखलढुङ्गा
१६.	बुटवल	बुटवल उ.म.न.पा.-८, श्रावणपथ, ज्ञवाली कम्प्लेक्स, बुटवल	५५.	पाल्पा	तानसेन न.पा.-६, पाल्पा
१७.	चन्द्रनिगाहपुर	चन्द्रनिगाहपुर न.पा.-१, चन्द्रनिगाहपुर, रौतहत	५६.	पर्सा	खैरनी न.पा.-८, पर्सा
१८.	चन्द्रौटा	शिवराज न.पा.-१०, चन्द्रौटा बजार, कपिलबस्तु	५७.	पथरी	पथरी शनिश्चरे न.पा.-१, पथरी
१९.	डडेलधुरा	अमरगढी न.पा.-५, तुफान डाँडा, डडेलधुरा	५८.	फिदिम	फिदिम न.पा.-१, बुद्धिचोक, फिदिम
२०.	दैलेख	नारायण न.पा.-१, देवकोटा चोक, दैलेख	५९.	फिकल	सुर्योदय न.पा.-६, फिकल, इलाम
२१.	दमक	दमक न.पा.-११, गणतन्त्र चोक, दमक	६०.	पोखरा	पोखरा उ.म.न.पा.-८, सभागृह चोक, पोखरा
२२.	दमौली	ब्यास न.पा.-१०, दमौली, तनहुँ	६१.	प्युठान	प्युठान न.पा.-६, प्युठान
२३.	दाङ	घोराही न.पा.-११, मेनरोड, दाङ	६२.	राजविराज	राजविराज न.पा.-३, नेताचोक, राजविराज
२४.	दार्चुला	अपि न.पा.-१२, खलङ्गा, दार्चुला	६३.	रामेछाप	मन्थली न.पा.-२, रामेछाप
२५.	धादिङ	निलकण्ठ न.पा.-३, पुच्छरबजार चोक, धादिङ	६४.	रामपुर	रामपुर न.पा.-८, पाल्पा
२६.	धनगढी	धनगढी उ.म.न.पा.-१, कैलाली	६५.	रोल्पा	लिवाङ न.पा.-५, रोल्पा
२७.	धनकुटा	धनकुटा न.पा.-७, हुलाक टोल	६६.	रुकुम	मुसीकोट न.पा.-१, खलङ्गा, रुकुम
२८.	धरान	धरान उ.म.न.पा.-४, लक्ष्मीसडक, धरान	६७.	सल्यान	शारधा न.पा.-२, खलङ्गा, सल्यान
२९.	दिक्तेल	दिक्तेल न.पा.-२, त्रिवेणीचोक, खोटाङ, दिक्तेल	६८.	संखुवासभा	खाँडबारी न.पा, प्रहरी गेट, संखुवासभा
३०.	दिपायल, डोटी	दिपायल सिलगढी न.पा.-७, पिप्पलाबजार	६९.	स्याङ्जा	पुतलीबजार-१, बि.पी.चोक, स्याङ्जा
३१.	गाईघाट, उदयपुर	त्रियुगा न.पा.-२, गाईघाट, उदयपुर	७०.	सिन्धुली	कमलामाई न.पा.-६, गैरीबजार, सिन्धुली
३२.	गौर	गौर न.पा.-८, हस्पिटल रोड, गौर	७१.	सुर्खेत	बीरेन्द्रनगर न.पा.-६, बीरेन्द्रचोक, सुर्खेत
३३.	गोरखा	गोरखा न.पा.-३, हरामटारी, गोरखा	७२.	ताहाचल	का.म.न.पा.-१३, रेडक्रस मार्ग, ताहाचल
३४.	गुल्मी	रेसुङ्गा न.पा.-४, तमघास, गुल्मी	७३.	ताप्लेजुङ	ताप्लेजुङ न.पा., बीरेन्द्रचोक, ताप्लेजुङ
३५.	हेटौंडा	हेटौंडा उ.म.न.पा.-१०, मेनरोड	७४.	तेह्रथुम	मेनग्लुङ न.पा.-१, सिंहबाहिनी चोक, तेह्रथुम
३६.	इलाम	इलाम न.पा.-२, भानुपथ, इलाम	७५.	टिकापुर	टिकापुर न.पा.-९, गुम्बारोड, कैलाली, टिकापुर
३७.	इनरुवा	इनरुवा न.पा.-१, बसपार्क चोक, इनरुवा	७६.	तुल्सीपुर	तुल्सीपुर न.पा.-५, दाङ
३८.	इटहरी	इटहरी उ.म.न.पा.-१, सुनसरी, इटहरी	७७.	वालिङ	वालिङ न.पा.-३, नयाँ बजार, पुतलीबजार, वालिङ
३९.	जनकपुर	जनकपुर उ.म.न.पा.-२, जनकपुर			

उपरोक्त स्थानहरुको अलावा आवश्यकता अनुसार बीमा समितिको स्वीकृति लिई नेपाल राज्यभर शाखा, उपशाखा वा अन्य कार्यालय समेत खोली कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

प्रचलित कम्पनी ऐन बमोजिम नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा प्रचलित कानूनको अधिनमा रहि व्यवसायमा संलग्न व्यक्ति वा संस्थाहरुको संभावित जोखिमलाई जीवन बीमाको माध्यमबाट हित र सुविधा प्रदान गर्ने तथा देशमा बीमा सेवा उपलब्ध गराई आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मिति २०४३/०२/१९ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०४४/०९/२४ मा बीमा समितिबाट बीमा व्यावसाय कारोवार गर्न इजाजत प्राप्त गरी कारोवार संचालन गरिरहेको छ । यस कम्पनीको संस्थापकमा बीमा क्षेत्र, वित्तीय/बैंकिङ्ग क्षेत्र, ब्यापार व्यवसाय एवं ब्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित ब्यक्ति तथा व्यवसायीहरु रहेका छन् ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बीमा ऐन, २०४९, बीमा नियमावली २०४९ तथा अन्य प्रचलित कानूनको अधिनमा रहि कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम व्यवस्था गरिएको छ :

(क) निर्जीवन वाहेकको जीवन बीमा ब्यवसाय संचालन गर्ने ।
(ख) हरेक किसिमको जमानी तथा क्षतिपुर्ति समेत समावेश भएको जीवन बीमा सम्बन्धि ब्यवसाय गर्ने ।
(ग) जीवन बीमा तथा पुनर्बीमाको काम गर्ने ।
(घ) प्रत्येक किसिमको जीवन तथा दुर्घटना बीमा अन्तर्गत ब्यक्ति विशेषमा ज्यान खतरा वा शरिरका कुनै विशेष भागमा हुने हानी नोक्सानी वा शारीरिक वा मानसिक आघातका सम्बन्धमा बीमा वा पुनर्बीमाको काम गर्ने गराउने ।

५. शेयर पूँजीको संरचना :

क) **अधिकृत पूँजीः** यस कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/- (अक्षेरपी पाँच अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ख) **जारी पूँजीः** यस कम्पनीको जारी पूँजी रु.३,००,००,००,०००/- (अक्षेरपी तीन अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ग) **चुक्ता पूँजीः** हाल कम्पनीको चुक्ता पूँजी रु.१,६५,६०,७९,५९०/- (अक्षेरपी एक अर्व पैसाठी करोड साठी लाख उनासी हजार पाँच सय नब्बे) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- अँकित मूल्यका १,६५,६०,७९५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,६४,९७,२७,३४४/- (अक्षेरपी दुई अर्व चौंसाठी करोड सन्तान्नब्बे लाख सत्ताईस हजार हजार तीन सय चौवालिस) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु (नेपाली)	१२१३६५७६	४५%	१२१३६५७६००/-	शतप्रतिशत
ख	विदेशी लगानीकर्ता लगायत संस्थापक शेयरधनीहरु	२६९७०४६.४	१०%	२६९७०४६४०/-	शतप्रतिशत
ग	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित)	८९६६६१४.२४	३५%	८९६६६१४२४/-	शतप्रतिशत
घ	राष्ट्रिय बाणिज्य बैंक	२६,९७,०३६.८	१०%	२६,९७,०३,६८०/-	शतप्रतिशत
	जम्मा	२,६४,९७,२७३.४४	१००%	२,६४,९७,२७,३४४/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (%)	योग्यता	अनुभव
१	श्री प्रेमा राज्य लक्ष्मी सिंह (संस्थापक समुहबाट)	अध्यक्ष	६२	नेपाली	धुम्बाराही, काठमाण्डौ	२.८२	वि.ए.	कम्पनीको संस्थापक सदस्य श्री नेशनल लाईफ इन्स्योरेन्समा ३० वर्षको लामो अनुभव ।
२	रथी श्री पवन बहादुर पाँडे (अ.प्रा.)	संचालक	६१	नेपाली	चुनदेवी, काठमाण्डौ	-	स्नातकोत्तर	अवकास प्राप्त रथी (नेपाली सेनामा ३९ वर्ष भन्दा लामो अनुभव) ।
३	श्री राजिव विक्रम शाह (संस्थापक समुह "क")	संचालक	४८	नेपाली	थापाथली, काठमाण्डौ	१.५३	स्नातक	सिंह होल्डिङ एण्ड इन्भेष्टमेष्टको अध्यक्ष, रिलायन्स फाइनान्समा लगानी एवं नेशनल लाईफ इन्स्योरेन्समा १० वर्ष भन्दा लामो अनुभव ।
४	श्री कुलदिप शरण सिंह (सर्वसाधारण समुह "ग")	संचालक	७०	नेपाली	लगनखेल, ललितपुर	०.०१	बि.ई.	नेपाल बिद्युत प्राधिकरणमा प्रबन्धक तहमा २४ वर्ष भन्दा लामो अनुभव ।
५	श्री सुशिल श्रेष्ठ (प्रतिनिधि : संस्थापक समूह "घ" राष्ट्रिय बाणिज्य बैंकको तर्फबाट)	संचालक	५७	नेपाली	गोङ्गबु, काठमाण्डौ	१०	बि.ई.	बैंकिङ्ग क्षेत्रमा २५ वर्ष भन्दा वढी अनुभव । हाल राष्ट्रिय बाणिज्य बैंकको नायब महाप्रवन्धक ।
६	श्रीमती भवानी राणा (सर्वसाधारण समुह "ग")	संचालक	५०	नेपाली	सानेपा, ललितपुर	०.००१२	स्नातकोत्तर	पर्यटन लगायत अन्य ब्यवसायमा लामो अनुभव एवं नेशनल लाईफ इन्स्योरेन्समा ६ वर्ष भन्दा लामो अनुभव । हाल FNCCI को अध्यक्ष ।
७	श्री महेश्वर प्रकाश श्रेष्ठ	स्वतन्त्र संचालक	४५	नेपाली	सितापाईला,काठमाण्डौ		स्नातक	हिमालयन इन्फ्रास्ट्रक्चर फण्डमा संचालक तथा विभिन्न बैंक तथा वित्तीय संस्था एवम् उद्योग व्यवशायमा १९ बर्ष भन्दा लामो अनुभव ।

नोटः १. समुह "क" अन्तर्गतका नेपाली संस्थापक शेयरधनीहरुको तर्फबाट नियुक्त हुने संचालक मध्ये १ (एक) जना संचालक नियुक्त हुन बाँकी रहेकोले १ जना संचालक रिक्त रहेको छ ।
२. राष्ट्रिय बाणिज्य बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक श्री किरण कुमार श्रेष्ठको स्थानमा उक्त बैंकले श्री सुशिल श्रेष्ठलाई मनोनयन गरि पठाएको र कम्पनी ऐन, २०६३ को दफा ८६ (३) र बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को नियम ३ अनुसार स्वतन्त्र विज्ञ संचालकमा श्री महेश्वर प्रकाश श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्टलाई नियुक्त गरिएको र सो सम्बन्धी जानकारी नेपाल धितोपत्र बोर्डलाई मिति २०७५/३/७ मा गराइएको ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नामः श्री भरत बस्नेत । **ठेगाना :** सानेपा ललितपुर । योग्यता : ICAI (Institute of Chartered Accountants of India)
अनुभव : श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा बि.सं. २०४४ सालमा प्रबन्धक तहमा कार्यरत रहि हाल कार्यकारी प्रमुखमा कार्यरत ।

८. संचालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ८(आठ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछः

समूह "क" अन्तर्गतका नेपाली संस्थापक शेयरधनीहरुको तर्फबाट नियुक्त हुने संचालकहरु	३ (तीन)
समूह "ख" अन्तर्गतका बिदेशी संस्थापक शेयरधनीको तर्फबाट हुने संचालक	१ (एक)
समूह "ग" अन्तर्गतको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट नियुक्त हुने संचालक	२ (दुई)
समूह "घ" अन्तर्गतका संस्थापक शेयरधनी राष्ट्रिय बाणिज्य बैंकको तर्फबाट नियुक्त हुने संचालक	१ (एक)
बीमा समितिले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक	१(एक)
जम्मा	८ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.१,६५,६०,७९,५९०/- को दश शेयर बराबर छ शेयर (१० : ६) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ६ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.९९,३६,४७,७५०/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ९९,३६,४७७.५० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर छ शेयर (१० : ६) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

श्रोत	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/०७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
१ चुक्ता पूँजी	७८३,९४३	१,०१९,१२६	१,३२४,८६४	१,६५६,०८०	२,६४९,७२७	२,६४९,७२७	२,६४९,७२७
२ जगेडा तथा कोष	३९९,९४५	३८६,००७	३७७,५८४	४४१,७५४	९६१,८४५	१,६०६,१६३	२,३७९,६२८
३ जीवन बीमा कोष	९,८८२,४२८	११,९१९,९०२	१४,३१६,२५१	१७,१९०,७०४	२१,६४६,७५२	२६,८६६,८०८	३३,३८५,४७५
४ महा-विपत्ती जगेडा	३३,६२९	६०,०००	९४,९७२	१३८,९०३	१९६,६९१	२६८,२८२	३५४,२२३
५ तिर्न बांकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-
कूल श्रोत	११,०९९,९४५	१३,३८५,०३५	१६,११३,६७१	१९,४२७,४४१	२५,४५५,०१६	३१,३९०,९८१	३८,७६९,०५३
उपयोग							
६ स्थिर सम्पत्ति (खुद)	६१४,९९८	६६६,०३४	६५८,२३३	६५१,६९१	६८४,२७६	७१८,४९०	७५४,४१४
७ दिर्घकालिन लगानी	२,११०,४८८	२,३७३,२६०	४,६७०,२९५	१२,७२३,३३०	१६,९४८,६८७	२१,०२९,३८१	२५,८१२,९२९
८ बीमालेखको धितोमा कर्जा	७४७,०९३	९९२,५५०	१,२५७,१६७	१,७२१,७१४	२,१३२,०२४	२,८०८,७२९	३,३७०,४७५
९ अन्य दीर्घकालिन कर्जा	८५,९३३	८९,३७९	९२,७०२	९२,६६०	१२५,०९१	१८६,६६७	२५२,०००
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु :							
१० नगद तथा बैंक मौज्दात	१७०,८७९	३१७,२४१	१३३,८९६	२४६,२३४	४१०,१२५	४३०,६३२	४७२,१२७
११ अल्पकालिन लगानी	७,६७४,२२०	९,१७९,०६८	९,५३२,६०४	४,२४७,९८१	५,४८१,७२३	६,८४३,७५८	८,३४२,५६३
१२ अन्य अल्पकालिन कर्जा	७,१६७	१३,००६	७,१७७	७,९५४	१०,७३९	१४,४९७	१९,५७१
१३ अन्य सम्पत्ति	४७०,७११	५५७,८८९	६८३,१५१	८६८,५८६	९९२,०४६	१,०११,९६५	१,५२८,२१२
जम्मा (क) (१०+११+१२+१३)	८,३२२,९७७	१०,०६७,२०५	१०,३५६,८२८	५,३७०,७५६	६,८९४,६३३	८,३००,८५२	१०,३६२,४७४
चालु दायित्व तथा व्यवस्थाहरु :							
१४ चालु दायित्व	१७९,७३४	२८६,२८१	३३८,१४६	३७७,०३९	४१४,७४३	४५६,२१७	५०१,८३९
१५ असमाप्त जोखिम वापत व्यवस्था	२०७,०६६	२०५,१६५	२०३,७०७	२२९,१८९	२६८,१५१	३१३,७३७	३६०,७९७
१६ भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	१२२,५३४	५५,४७१	१०१,८३१	१५६,७३५	२११,१७४	२२४,६६८	२२९,१६२
१७ अन्य व्यवस्था	२७७,९०९	२६०,३९९	२८०,८१३	३७१,७०९	४३६,६०७	६५८,५१५	६९१,४४१
जम्मा (ख) (१४+१५+१६+१७)	७८७,२४३	८०७,३१७	९२४,४९६	१,१३४,६७२	१,३३०,६७५	१,६५३,१३८	१,७८३,२३९
१८ खूद चालु सम्पत्ति (ग) = (क) - (ख)	७,५३५,७३४	९,२५९,८८८	९,४३२,३३२	४,२३६,०८४	५,५६३,९५८	६,६४७,७१४	८,५७९,२३५
१९ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	५,६९९	३,९२४	२,९४३	१,९६२	९८०	-	-
२० नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-	-
कूल उपयोग (६+७+८+९+१८+१९+२०)	११,०९९,९४५	१३,३८५,०३५	१६,११३,६७१	१९,४२७,४४१	२५,४५५,०१६	३१,३९०,९८१	३८,७६९,०५३

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/०७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
आम्दानी							
१ आय व्यय हिसाबबाट सारेको	१४८,३२८	१६२,७१८	१५७,३४१	१८३,९६४	२२०,७५६	२६४,९०८	३१७,८८९
२ जीवन बीमा कोषबाट सारेको	१०२,८५९	१२५,४५८	१८५,००४	२४३,७६२	३३३,००८	४१३,१७३	५१३,२४९
३ लगानी कर्जा तथा अन्यबाट आय	५३,४२०	६९,७८७	८४,५५६	११०,५०६	१६३,५७१	२१०,८५२	२२६,९१८
४ व्यवस्था फिर्ता	-	९७०	-	६००	-	-	-
५ अन्य आम्दानी	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	३०४,६०७	३५८,९३३	४२३,९०२	५३८,८३१	७१७,३३५	८८८,९३२	१,०५८,०५६
खर्च							
६ व्यवस्थापन खर्च	२२,०८७	६८,४२६	३६,५१९	४५,४७६	५५,२७६	६७,७१४	८२,७०९
७ अपलेखन खर्च	-	-	-	-	-	-	-
८ शेयर सम्बन्धी खर्च	२,४४१	१,१०१	१४८	१,२४६	२,०३०	२,७४१	३,७००
९ अन्य खर्चहरु	-	-	-	-	-	-	-
१० नोक्सानीको लागि व्यवस्था	-	-	-	६,९९८	७,६९८	८,४६८	९,३१४
११ कर्मचारी आवास ब्यवस्था	-	-	-	-	-	-	-
१२ कर्मचारी बोनस ब्यवस्था	२५,४६२	२६,३१०	३५,४७६	४४,१०१	५९,३०३	७३,६३७	८७,४८५
१३ समायोजित आयकर (अ = आ - इ)	२,१०३	(६१२)	५,०३९	१,६९४	१५,१४८	२०,४६४	१५,४४३
१४ आ) आयकर	५,२४९	२७७	५,०६१	१,६९४	१५,१४८	२०,४६४	१५,४४३
१५ इ) स्थगन कर सम्पत्ति/(दायित्व)	३,१४६	८८९	२२	-	-	-	-
१६ जीवन बीमा कोषमा सारेको	-	-	-	-	-	-	-
जम्मा खर्च (ख)	५२,०९२	९५,२२६	७७,१८२	९९,५१४	१३९,४५५	१७३,०२४	१९८,६५१
१७ खूद नाफा /(नोक्सान) (ग) = (क) - (ख)	२५२,५१५	२६३,७०८	३४६,७१९	४३९,३१७	५७७,८८०	७१५,९०९	८५९,४०५
१८ अघिल्लो वर्षसंग सम्बन्धित खर्च	-	-	-	-	-	-	-
१९ अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान)	८३,७७६	१,६१७	१६,२३६	४६,३६८	४४१,७५४	९६१,८४६	१,६०६,१६४
बाँडफाँटको लागि उपलब्ध रकम	३३६,२९०	२६५,३२५	३६५,९५५	४८५,६८५	१,०१९,६३४	१,६७७,७५५	२,४६५,५६९
२० क) स्थागन कर जगेडा	३,१४६	८८९	२२	-	-	-	-
ख) पूँजीकृत जगेडा	-	-	-	-	-	-	-
ग) विषेश जगेडा	-	-	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-	-	-
ङ) प्रस्ताबित लाभांश	२९७,८९८	२२१,८२९	३२८,६४८	-	-	-	-
अ) बोनस शेयर	२३५,१८३	२०५,७३८	३११,२१६	-	-	-	-
आ) नगद लाभांश	६२,७१५	१६,०९१	१७,४३२	-	-	-	-
च) महा बिपत्ती जगेडा	३३,६२९	२६,३७१	३४,९७२	४३,९३२	५७,७८८	७१,५९१	८५,९४१
२१ वासलातमा सारेको नाफा/(नोक्सान)	१,६१७	१६,२३६	२,३१३	४४१,७५४	९६१,८४६	१,६०६,१६४	२,३७९,६२८

जीवन बीमाको एकिकृत आय व्यय हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/०७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
आय							
१ बीमाशुल्क (खुद)	२,३९६,१९१	२,८८७,१५१	३,६००,५२४	४,७४४,७११	६,११५,६२५	७,८९२,४३४	१०,१९३,६०५
२ पुनर्बीमा कमिशन आय	१३२,१७९	१३२,१११	९२,०५०	२०,६२५	२७,५०१	३३,२५८	४०,३६८
३ लगानी, कर्जा तथा अन्यबाट आय	५९४,९६२	६४६,०३३	७७४,७८०	९७७,२९८	१,४७२,१३८	१,८९७,६६४	२,०४२,२६०
४ बीमालेखको धितोमा कर्जाबाट आय	६७,५३४	९४,७७०	१२०,८८०	१६०,९४०	२१३,२०२	२८०,८७३	३२८,६२१
५ अन्य प्रत्यक्ष आय	१४,२७२	१५,०९९	२१,८१४	३६,४१३	४९,१५८	६६,३६३	८९,५९१
६ आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	१०३,७४८	१२२,५३४	५५,४७१	१०१,८३१	१५६,७३५	२११,१७४	२२४,६६८
७ आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	१८७,१२३	२०७,०६६	२०५,१६५	२०३,७०६	२२९,१८९	२६८,१५१	३१३,७३७
जम्मा आय (क)	३,४९६,००९	४,१०४,७६३	४,८७०,६८४	६,२४५,५२५	८,२६३,५४८	१०,६४९,९१७	१३,२३२,८५०
व्यय							
८ दावी भुक्तानी (खुद)	७७८,०१३	८८७,०७६	१,०२९,०१२	१,५५८,३७७	१,९५५,०५४	२,५०१,४८८	३,१४९,१५७
९ अभिकर्ता कमिशन	२३०,८४१	२८२,१३६	३७९,०४४	४५४,८५७	६३८,२५३	८२९,७२९	१,०७८,६४८
१० स्वास्थ्य परीक्षण शुल्क	३,३९७	२,८९०	३,९५३	४,५४२	६,१३२	८,२७८	११,१७५
११ पुनर्बीमा कमिशन खर्च	-	-	-	-	-	-	-
१२ सेवा शुल्क (खुद)	२३,९६२	२८,८७२	३६,००५	४७,४४७	६१,१५६	७८,९२४	१०१,९३६
१३ अन्य प्रत्यक्ष खर्च	-	-	-	-	-	-	-
१४ व्यवस्थापन खर्च	१९२,७६३	२२८,३४६	३२८,६७१	४०९,२८०	४९७,४८४	६०९,४२७	७४४,३७७
१५ आयकर	७०,७५४	८९,१५७	४९,७६८	८२,३१२	१२४,३७१	१८५,५३०	२०७,७९३
१६ आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	१२२,५३४	५५,४७१	१०१,८३१	१५६,७३५	२११,१७४	२२४,६६८	२२९,१६२
१७ आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था	२०७,०६६	२०५,१६५	२०३,७०७	२२९,१८९	२६८,१५१	३१३,७३७	३६०,७९७
जम्मा व्यय (ख)	१,६२९,३२९	१,७७९,११३	२,१३१,९९०	२,९४२,७४०	३,७६१,७७४	४,७५१,७८१	५,८८३,०४५
१८ जीवन बीमा कोषमा सारेको बचत/(नोक्सान) = (क)((ख)	१,७१८,३५२	२,१६२,९३२	२,५८१,३५३	३,११८,८२२	४,२८१,०१८	५,६३३,२२९	७,०३१,९१६
१९ नाफा नोक्सान हिसाबमा सारेको नाफा/(नोक्सान)	१४८,३२८	१६२,७१८	१५७,३४१	१८३,९६४	२२०,७५६	२६४,९०८	३१७,८८९

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/०७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
शेयर पूँजी	७८३,९४३.००	१,०१९,१२६.००	१,३२४,८६४.००	१,६५६,०८०.००	२,६४९,७२७.००	२,६४९,७२७.००	२,६४९,७२७.००
जगेडा तथा कोषहरु	४३३,५७४.००	४४६,००७.००	४७२,५५६.००	५८०,६५७.००	१,१५८,५३६.००	१,८७४,४४५.००	२,७३३,८५१.००
कूल	१,२१७,५१७.००	१,४६५,१३३.००	१,७९७,४२०.००	२,२३६,७३७.००	३,८०८,२६३.००	४,५२४,१७२.००	५,३८३,५७८.००
घटाउने : अपलेखन गर्न बांकी खर्च	(५,६९९.००)	(३,९२४.००)	(२,९४३.००)	(१,९६२.००)	(९८०.००)	-	-
कूल नेटवर्थ	१,२११,८१८.००	१,४६१,२०९.००	१,७९४,४७७.००	२,२३४,७७५.००	३,८०७,२८३.००	४,५२४,१७२.००	५,३८३,५७८.००
शेयर संख्या हजारमा	७,८३९.००	१०,१९१	१३,२४८	१६,५६०	२६,४९७	२६,४९७	२६,४९७
प्रति शेयर (नेटवर्थ)	१५४.५९	१४३.३८	१३५.४५	१३४.९५	१४३.६९	१७०.७४	२०३.१८
नेटवर्थमा भएको औसत प्रतिफल प्रतिशतमा	२०.८४	१८.०५	१९.४९	१९.६६	१५.१८	१५.८२	१५.९६
नेटवर्थमा निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न आवश्यक न्यूनतम प्रतिफल					१८.४४		
प्रति शेयर (आम्दानी)	३२.२१	२५.८८	२६.४०	२६.५३	२१.८१	२७.०२	३२.४३

द्रष्टव्यः माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता इन्स्योरेन्स कम्पनीको हालको दक्षता र निष्काशनकर्ता इन्स्योरेन्स कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा कम्पनीले तयार गरेको हो । उक्त विवरण पुनरावोलकन गरी विवरण ठिक छ भनी श्री गोपाल कुमार श्रेष्ठ, चार्टर्ड एकाउण्टेण्ट, साझेदार निमित्त श्री एलएसपी एशोसियट्स, कुपण्डोल, ललितपुरले प्रमाणित गरेको हो ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

१) विद्यमान बीमा कम्पनी र नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२) देशको वित्तीय नीति, मौद्रिक नीति र बीमा सम्बन्धी नीतिमा नेपाल सरकार तथा बीमा समितिको नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
३) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
४) पुनर्बिमा कम्पनीको कम्पनी/नेपालको बीमा बजार प्रतिको विश्लेषणमा हुने जोखिम ।
५) नयाँ प्रविधिको विकास सँगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने संचालन तथा साख सम्बन्धि जोखिम ।
६) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

- अण्डरराईटिङ्ग विभागद्वारा उचित जोखिम मुल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने ।
- अनुभवी तथा दक्ष जनशक्तिद्वारा उचित दावी व्यवस्थापन गर्ने ।
- बीमा समितीद्वारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरीक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लैजाने ।
- बीमा समितिले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आई रहेको र परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै अगाडी बढ्ने ।
- साथै जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराममा आवेदकको पूरा नाम (नेपाल तथा अंग्रेजी दुबैमा) भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	२,७५०/-	१,५९५/-	१,८४०/-	७६०.७५
०७२/०७३	३,६९१/-	१,८४०/-	३,३००/-	१,८०६.१७
०७३/०७४	३,७०५/-	१,५४२/-	२,३७५/-	१,७९०.९९

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ फाल्गुण	१,५४४/-	१,२०१/-	१,२६८/-	५३.२६
२०७४ चैत्र	१,२५५/-	९७८/-	१,२१०/-	१०७.८१
२०७५ बैशाष	१,५२१/-	१,१६४/-	१,३९५/-	१८४.७३

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइएको छ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,
(छ) हक हस्तान्तरणको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ,
(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७४/०४/२७ गते सम्पन्न २९ औं बार्षिक साधारण सभाबाट दश शेयर बराबर छ शेयर (१० : ६) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
२) कम्पनीले आफ्नो ब्यवसाय/सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
३) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउने र
४) कम्पनीको शेयरधनी तथा ग्राहकवर्गहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी कम्पनीले देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
	बिभिन्न बैंक/वित्तीय संस्थाहरुमा मुद्दती निक्षेप लगायत श्री बीमा समितिबाट अन्य स्वीकृत क्षेत्रहरुमा । समितिबाट अन्य स्वीकृत क्षेत्रहरु निम्न प्रकार छन् ।	रु.९९,३६,४७,७५४/-
१	बाणिज्य बैंकको मुद्धतीमा	३५ प्रतिशत
२	नेपाल राष्ट्र बैंकको ऋण पत्रमा	२५ प्रतिशत
३	विकास बैंकको मुद्धतीमा	१५ प्रतिशत
४	नागरिक लगानी कोषको एकांकी योजना वा सामुहिक लगानी कोषमा	५ प्रतिशत
५	वित्तीय कम्पनीको मुद्धतीमा	१० प्रतिशत
६	पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा	१० प्रतिशत

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ ।	००१०१०१०३२६२६१
२.	श्री कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौ ।	०१२४५२४६१७०८००१७
३.	एभरेष्ट बैंक लि., लाजिम्पाट, काठमाण्डौ	००२०११०२२०००८४

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१ एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लालदरवार, काठमाण्डौ, लगनखेल ललितपुर, चिप्लेढुंगा पोखरा, आदर्शनगर बीरगञ्ज, ट्राफिकचोक, बुटवल र गोल्छाचोक, विराटनगर ।
२. नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. को रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं.२, लाजिम्पाट तथा कम्पनीका सम्पूर्ण शाखा कार्यालयहरु ।
३. नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र प्राप्त सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र शाखा कार्यालयहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको वेभसाइट www.niblcapital.com बाट तथा निष्काशनकर्ता कम्पनी श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको वेभसाइट www.nationallife.com.np बाट डाउनलोड गरी भरेर पठाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. को वेवसाइट www.nationallife.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ३" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ३" ले औसत आधारहरु (Average Fundamentals) जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७४/८/८ गते ।

२६. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. ४८,१५,३०,५००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमुना

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

प्रधान कार्यालयः पो.ब.नं. ४३३२, लाजिम्पाट, काठमाण्डौ, नेपाल ।
फोन नं : ४४१४७९९, ४४१६५५६, फ्याक्स नं : ४४३५६३३
Email: nlgilife@mail.com.np, Website: www.nationallife.com.np
को

संस्थापक ☐
सर्वसाधारण ☐

मितिः २०७५/ /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.
कोड नं.
शेयरधनी नं./परिचय नं.
हितग्राही खाता नं. DP ID Client ID

श्री संचालक समिति,
नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
लाजिम्पाट, काठमाडौं, नेपाल ।

महाशय,

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/३/२१ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको दश शेयर बराबर छ शेयर (१० : ६) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा............... कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID		
जम्मा			Client ID		

प्यान नं.
प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
बैंक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना — चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना — भौचर/ड्राफ्ट नं.
निवेदकको पुरा नाम — नेपालीमा — श्री/श्रीमती/सुश्री/नाबालक
In English — Mr./Mrs./Miss/Minor — USE CAPITAL LETTER
स्थायी ठेगाना — वडा/घर नं./टोल — गा.वि.स./न.पा.
Address — Ward/House No./Tole — VDC/Municipality
जिल्ला — P.o Box No:/District — नागरिकता प्र.नं./जारी भएको जिल्ला
District — Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's/Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नाबालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name	
Company's Name	National Life Insurance Company Limited
No. Of Shares Applied	Call Money per Share — Rs.100 — Amount Deposited
Amount in Words	

For Official Use Only: Code No.
Received by:
Date: Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

NIBL ACE CAPITAL
wholly owned subsidiary of नेपाल इन्भेष्टमेन्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.